# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा श्रीइन्भेष्टमेन्ट फाइनान्सको संयुक्त कारोवारको शुभारम्भ र "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रमलाई सम्बोधन

#### श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड र एभरेष्ट फाइनान्स लिमिटेडको एकीकृत कारोवारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले २०७३ माघ १८ गतेका दिन रुपन्देही जिल्लाको सिद्धार्थनगरमा श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड र एभरेष्ट फाइनान्स लिमिटेड एकापसमा गाभिए पछिको एकीकृत कारोबारको एक समारोह बीच शुभारम्भ गर्नुभयो ।




सो अवसरमा गभर्नर डा. नेपालले नेपालको अर्थतन्त्रको आकार बढाउन, आर्थिक स्थायित्व कायम गर्न, ठुला परियोजनाहरुका लागि पुँजीको आवश्यकता परिपूर्ति गर्न सक्षम र सुरक्षित वित्तीय प्रणालीको विकासका लागि बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पुँजी वृद्धिको व्यवस्था ल्याइएको विचार व्यक्त गर्नु भयो ।

नेपालमा लगानीको लागि प्रशस्त संभावना रहेकोले अवसरहरुको उपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तीहरुमा बैंकिङ सेवा विस्तार गरी लगानीको दायरा फराकिलो पार्न बैंक तथा वित्तीय संस्थाहरुलाई उहाँले सुझाव दिनुभयो ।

कार्यक्रममा गभर्नर डा. नेपालले सीप र जाँगर भएका सर्वसाधारणलाई वित्तीय स्रोत प्रदान गरी आयआर्जन वृद्धिमा वित्तीय संस्थाहरुको भूमिका महत्वपूर्ण रहेको बताउनु हुँदै वित्तीय संस्था पुगेको स्थानमा गरिब जनताले समेत वित्तीय स्रोत पाउने हुँदा गरिवी निवारणमा यस्ता संस्थाको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

कर्जा प्रवाहपश्चात् कर्जाको सदुपयोगिता सम्बन्धी नियमित रुपमा निरीक्षण गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई आग्रह गर्दै उहाँले कर्जा लिने ग्राहकहरुलाई कर्जा सम्बन्धी शर्त तथा व्यवस्थाका बारेमा राम्रोसँग जानकारी दिन आग्रह गर्नु भयो ।

कृषि, पर्यटन, ऊर्जा जस्ता उत्पादनशील क्षेत्रमा बढी भन्दा बढी कर्जा प्रवाह गरी उत्पादनमूलक क्षेत्रलाई बढावा दिन र जनताको निक्षेपको पहरेदार भएर कार्य गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई अनुरोध गर्नुहुँदै उहाँले नाफाका विषयलाई लिएर व्यवस्थापनलाई दवाव नदिन बैंक तथा वित्तीय संस्थाहरुका संचालकहरुलाई आग्रह समेत गर्नु भयो ।

उहाँले सबै नेपालीको बैंक खाता होस् र सबै आर्थिक कारोवार बैंकिङ् प्रणालीबाट मात्रै होस् भन्ने धारणा नेपाल राष्ट्र बैंकको रहेको बताउनु हुँदै विदेशबाट पैसा पठाउँदा इजाजतपत्र प्राप्त संस्थाहरुबाट मात्रै पठाउन सर्वसाधारणलाई आग्रह गर्नुभयो ।

साथै, सो कार्यक्रममा गभर्नर डा. नेपालले संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना समेत व्यक्त गर्नुभयो ।

## विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम

गभर्नर डा. चिरंजीबि नेपाल मिति २०७३ माघ २० गते पाल्पाको दोभान गा.वि.स.स्थित तिलोत्तमा उच्च माध्यमिक विद्यालय, झुम्सामा आयोजित "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रममा सहभागी हुनु भयो । कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै उहाँले पैसाको महत्व बुझाउन, बचत गर्ने बानीको विकास गर्न,




नागरिकहरुलाई उद्यमशिलतातर्फ प्रेरित गर्नका लागि नेपाल राष्ट्र बैंकले विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम संचालन गर्दै आएको बताउनु भयो । सो अवसरमा उहाँले व्यक्तिको इच्छा र आकांक्षा असीमित भएतापनि अत्यावश्यक ठाउँमा मात्र खर्च गर्ने बानी बसाल्नु पर्ने र लगानी सही ठाउँमा गर्नु पर्छ भन्ने ज्ञान नै वित्तीय साक्षरता हो भन्ने धारणा राख्नु भयो । थोपा थोपा मिली समुन्द्र बने जस्तै सानोतिनो बचतबाट भोलिका दिनमा ठूलो बचत हुने र समुचित बचतलाई सही ठाउँमा लगानी गर्दै गयो भने भोलीका दिनमा ठुलो व्यवसायी वा उद्यमी बन्न सकिने बताउनु भयो । आजका साना साना बालकबालिक नै भोलीका कर्णधार जिम्मेवार व्यक्तित्व हुने हुँदा आजका दिनदेखि नै असल र मिलनसार भई अध्ययन अध्यापनमा लाग्न उपस्थित बालबालिकहरुलाई आग्रह गर्नु भयो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवती प्रसाद नेपालले "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यसै गरी सो कार्यक्रममा विद्यालयका प्राचार्य र अध्यक्षले पनि आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

२०७३ माघ २१, शुक्रबार

गभर्नरको कार्यालय